

# सिमान्तकृत समुदायको सशक्तिकरणमा सामाजिक परिवार


| अंक - ५ | पौष २०६६ | पेज १ |
|---|---|---|


समग्र बुलेटिन

## सामाजिक परिवारको अवलोकन भ्रमण - सहिष्णुता बृद्धि गर्ने मजबूत माध्यम



पहाड र तराईका सा.प.का सदस्यहरुलाई आपसमा घुलमील गराई उनीहरु विचमा माया, स्नेह र सामाजिक सद्भाव कायम गराउने र सामाजिक समावेशीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले समग्रले पहाडका सामाजिक परिवारलाई तराइमा र तराइकालाई पहाडको अवलोकन भ्रमण कार्यक्रम गत केही वर्षदेखि निरन्तर गर्दै आएको छ । यस्ता भ्रमणहरुले सामाजिक परिवारका सदस्यहरुलाई आपसमा भएका भोगाई तथा सिकाई लगायतका ज्ञान, शीप तथा जानकारीहरुको प्रत्यक्ष स्थलगत अवलोकन गरी आदान-प्रदान गर्न र मधेसी-पहाडी समुदाहरुबीच सृजना गर्न खोजिएको भ्रमलाई क्रमशः मेटाउँदै लैजान समेत मद्दत गर्दै आएको छ ।

यसै क्रममा यही मंसिर १२ गतेदेखि १४ गतेसम्म पहाडका सामाजिक परिवारहरुले तराईका उदयपुर, सिराहा, सप्तरी र बारा जिल्लाको तीन दिने अवलोकन भ्रमण गरी त्यहाँका सामाजिक परिवारहरुसँग अन्तरकृया र अनुभव साटासाट गरे । यस पटकको भ्रमण त झन् विशेष रह्यो किनभने समग्रका कर्मचारी / कार्यकर्ताका अतिरिक्त सामाजिक परिवारका भ्रमण टीममा समग्रका अध्यक्ष, उपाध्यक्ष, सचिव र साधारण सदस्यहरुले साथ दिनुभएको थियो ।



पहाडका ४२ जना सहभागी रहेको भ्रमण दल तराईमा पुग्दा उनीहरुलाई आ-आफ्ना सामाजिक परिवारहरुको गतिविधिहरु समिक्षा गर्न लगाउदै उनीहरु विच घुलमील हुने वातावरण सृजना गराइएको थियो । भ्रमण अवधिमा बाटामा पर्ने महत्वपूर्ण स्थलहरु, कलकारखानाहरु तथा सामाजिक वस्तुस्थिको अवलोकन गराउँदै उनीहरुलाई नयाँ अनुभूति तथा क्षमता अभिवृद्धि गराउने व्यवस्था गरिएको थियो । सिरहा, सप्तरी र उदयपुरका सफल नमूना सामाजिक परिवार तथा सहकारी संस्थाहरुको अवलोकन, स्थानीयवासीहरुसंग अन्तरक्रिया गराउदै पहाड र मधेशमा बस्नेहरु विच सद्भाव कायम गराउने व्यवस्था मिलाईएको थियो ।

१३ गते विहानको नास्ता पछि सप्तरी, पिप्रा पश्चिमको चहकामा पुगेका भ्रमण दलका सहभागीहरुले त्यहाँको दलित कल्याण सामाजिक परिवारका प्रतिनीधिहरुसंग अन्तरक्रिया गर्दा सा.प.का अध्यक्ष सत्रुघ्वन रामबाट थाहा पाए - चहका खोलाले जग्गा जमीन वगाएर सुकुम्वासी भएका ३२ परिवारहरु विचल्लीमा परेको वखतमा समग्र लगायत वातावरण र सरस्वती नामक संस्थाहरुको सहयोगवाट त्यो वस्ती वसाईएको र हाल विकासका पुर्वाधारहरु तयार हुदै थियो । त्यहाँ सामाजिक परिवारको माध्यमवाट उनीहरुले स्थानीय वाटो निर्माण, सुंगुर पालन, तरकारी खेती, ट्युवेल निर्माण, आफनो हक अधिकारको खोजी गर्दै आएका रहेछन् । मधेशका चमारहरु र पहाडका दलित तथा जनजाती विचको त्यो अन्रक्रिया आफैमा महत्वपूर्ण थियो । त्यसो त अन्य जिल्लाका सामाजिक परिवारका सदस्यहरुलाई स्वागत गर्न पाएको र आफ्नो सा.प.ले गरेको उन्नति सुनाउन पाएकोमा दलित कल्याण सामाजिक परिवारका प्रतिनीधिहरु हर्षित देखिन्थे । त्यसैगरी भ्रमणदल उदयपूरको त्रियुगा न.पा.,देउरी पुग्दा समाजसेवी महिला सा.प.का अध्यक्ष गनिता चौधरी सहित ३० जना जतिको समूह गुलावी रङ्गको साडीमा सजिएर हातमा फुलमाला र अविर लिई आगन्तुकहरुको स्वागतमा लाइनवद्ध थिए भने सिराहाको कल्यानपुरमा

पुग्दा त्यहाँका महिलाहरुले टाउँकामा पानीका घडा बोकी, फूल, धुप र माला हातमा लिई हरियो पहिरनमा लामवद्ध भै त्यहाँको संस्कृति अनुसार धुमधामसँग स्वागत सत्कार गरे । यसै भ्रमणको क्रममा सहभागीहरुले बाराको ऐतिहासिक गढीमाई मेलामा सामेल हुने अवसर पनि छोपेका थिए ।

## समग्रका क्षेत्रीय संयोजक उत्कृष्ठ मानवअधिकारकर्मीको रुपमा सम्मानित

समग्रको लहान क्षेत्रीय कार्यालयमा कार्यरत् क्षेत्रीय संयोजक दुर्गा प्रसाद महतोलाई मानव अधिकार सञ्जाल सिरहाले सन् २००९ वर्षमा सिरहा जिल्लामा मानवअधिकारको क्षेत्रमा उत्कृष्ठ कार्य गर्ने व्यक्तिको रुपमा सम्मान गरेको छ । अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्षमा १० डिसेम्बरका दिन लहानमा आयोजित एक कार्यक्रममा उक्त सम्मान गरिएको हो । उक्त सञ्जालले हरेक वर्ष मानव अधिकार, पत्रकारिता र दलित अधिकारका क्षेत्रमा उत्कृष्ठ कार्य गर्ने तीन जनालाई सम्मान गर्दै आएको छ । उत्कृष्ठ पत्रकारको रुपमा मणिलाल विश्वकर्मा र उत्कृष्ठ दलित अधिकारकर्मीको रुपमा राम कुमारी दासलाई सम्मान गरिएको थियो ।



## सामाजिक परिवारले के के गर्न सक्छन् ?



पोखरीचौर धादिंग जिल्ला तसर्पु गा.वि.स.को २२०० मिटर उचाइको डाँडाको टुप्पामा अवस्थित तामाँगहरुको विपन्न गाउँ हो । मुख्य सडकबाट करिब ३ घण्टाको उकालो हिंडेपछि पुगिने यस गाउँमा आफ्नो बालीले वर्षको करिब तीन महिना मात्रै खान पुग्छ र आफ्नो बारिको मकैको ढींढो खान पनि मकैको भारी बोकेर २ घण्टा तल झरी मकै पिँधेर माथि उक्लिनुपर्थ्यो र बत्ती नभएर अँध्यारोमा टुकिको भरमा बस्नुपर्थ्यो । खाना नभएर बालबालिकाहरु विद्यालय भर्ना भएर पनि बिचैमा छाड्ने वा नियमित नहुने गर्दथे ।



समग्रद्वारा सञ्चालित सशक्तिकरण अभियान अन्तर्गत यहाँका महिलाहरु **"श्रमजीवी सामाजिक परिवार"** को रुपमा संगठित भए र पुरुषहरुले उनीहरुलाई साथ दिए । समग्रबाट यिनीहरुले आवश्यक शीप, ज्ञान र जानकारीहरु प्राप्त गरेर सशक्त हुँदै गएपछि आफ्ना अधिकारहरु शान्तिपूर्ण रुपमा दावी गर्दै विभिन्न निकायबाट श्रोत साधनहरु जुटाई आफ्नो लागि आफैं गर्न सकिन्छ भनेर नमूनाको रुपमा प्रस्तुत हुन सफल भएका छन् ।

नयाँ बिजुलीको लाइन तानेर गाउँ उज्यालो पारेपछि यस सामाजिक परिवारले आफ्नो बचत कोषबाट बिजुली घट्ट स्थापना गरी सञ्चालनमा ल्याएको छ । यसले यिनीहरुलाई मकै पिँध्न घण्टौसम्म भारी बोकेर उकालो ओरालो गर्नुपर्ने बाध्यताबाट मुक्ति दिएको छ । यति मात्रै होइन यिनीहरुले आफ्नै प्रयासमा सामुदायिक भवन निर्माण गरी त्यहाँ सामुदायिक पसल पनि सञ्चालन गरेका छन् जसले गर्दा सुपथ मूल्यमा आवश्यक सामग्रीहरु घर नजिकै पाइने भएको छ ।



विभिन्न संस्थाहरुबाट श्रोतहरु जुटाउने क्रममा यस सामाजिक परिवारले हेफर इन्टरनेशनलबाट बाख्रा पैंचो कार्यक्रम ल्याई निरन्तरता दिइरहेको छ भने तसर्पु तथा नजिकैका अन्य गा.वि.स.का सामाजिक परिवारहरुको पहलमा दि प्रेम रावत फाउण्डेसनको सहयोगमा प्रेमसागर फाउण्डेसन नेपालद्वारा संचालित "जनभोजन" कार्यक्रम ल्याउन सफल भएका छन् । त्यहाँका गरिब स्कूले बालबालिकाहरुलाई आफ्नो शिक्षाको अधिकार सुनिश्चित गर्न यो जनभोजन कार्यक्रम वरदानै सावित भएको छ, जहाँ खानाको अभावले स्कूल जान छोडेका, भर्ना नभएका वा अनियमित ५०० जना बालबालिकाहरु तथा १०० जना बृद्धबृद्धाहरुलाई हरेक दिन निशुल्क स्वस्थकर खान खुवाइन्छ ।



पहिला स्कूल जान नमान्ने यस गाउँका बच्चाहरु अब बिहानै आफैं स्कूलको ड्रेश लगाएर किताब कापीको झोला बोकेर तल झर्छन्, फाउण्डेसनको जनभोजनमा हात खुट्टा धोएर खान बस्छन् र पेटभरी खाएर खुशी हुँदै स्कूल पढ्न जान्छन् । कक्षाकोठाभरी विद्यार्थीहरु उपस्थित भएको र उनीहरुको पढाइको गुणस्तर बढेको देखेर एकातिर प्रधानाध्यापक र शिक्षकहरु दँग परेका छन् भने अर्कोतिर अभिभावकहरु बिहानभरी बच्चाहरुको लागि दिनुपर्ने खाना तथा समय बचत भई आफ्नो खेती तथा अन्य ज्यालादारी कार्य गरी आम्दानी गर्न पाएको र आफ्नो बच्चाहरुको स्वास्थ्य तथा पढाई सुधार भएकोमा खुशी छन् ।



यसरी सामाजिक परिवारलाई संगठित र सशक्त बनाएर राखेमा यो कुनै पनि सहयोगी निकायको लागि यस्तो उर्वरा भूमी हुनेछ जहाँ एउटा सानो सहयोगरुपी बीऊ छर्दा अपार प्रतिफल निस्कन सक्छ ।



## दोश्रो तयनीतिक साझेदारी बैठक सम्पन्न



समग्रको तयनीतिक साझेदारहरुको दोश्रो बैठक यही मंसिर १६ गते सम्पन्न भयो । तयनीतिक साझेदारी अन्तर्गत सञ्चालित कार्यक्रम तथा बजेटको समिक्षा गर्नको लागि समग्रको केन्द्रीय कार्यालयको बैठक हलमा बसेको उक्त बैठकको अध्यक्षता समग्रका अध्यक्ष श्री बालकृष्ण लाल जोशीले गर्नुभएको थियो भने समग्रका कार्यकारि निर्देशक लगायत कार्यक्रम तथा आर्थिक व्यवस्थापक / अधिकृतहरु र साझेदारी संस्थाका प्रमुख / प्रतिनिधिहरु उपस्थित हुनुहुन्थ्यो ।

समग्रबाट यस आर्थिक वर्षको प्रथम पाँच महिनामा सञ्चालित / सम्पन्न गतिविधिहरु, प्रतिफल तथा बजेटको विवरण प्रस्तूत गरेपछि सहभागीहरुबाट त्यसमा छलफल भएको थियो । मानव अधिकारको अनुगमन तथा मेलमिलाप /द्वन्द्व रुपान्तरणको कार्यमा समग्र सही दिशामा अघि बढिरहेकोमा साझेदारी संस्था डेनिडा-हुगोका कार्यक्रम संयोजक लार्स पि. क्रिस्टेन्सेनले खुशी व्यक्त गर्दै सम्भव भए कार्यक्रमको परिमाण बढाउन अनुरोध गर्नुभयो ।

## मंसिर महिनाभरी सञ्चालित/सम्पन्न नियमित गतिविधिहरु

| कृयाकलाप | | कार्यक्रम संख्या | सहभागी संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १.१ | स्थानीय तहमा मानव अधिकारको अनुगमन | २ | ३१ | १६ | ४७ |
| १.३ | जातीय विभेद र अन्य प्रकारका मानव अधिकार उल्लङ्घन विरुद्ध जनचेतना अभियान | १ | ५४ | ४३ | ९७ |
| २.२ | कार्यक्रम पूर्व अध्ययन | ४ | १३८ | ५१ | १८९ |
| २.७ | अवलोकन भ्रमण | १ | १८ | २४ | ४२ |
| २.१० | समन्वय / संजाल स्थापना / माग पत्र पेश / लविङ्ग भ्रमण | ६ | ११९ | २३ | १४२ |
| ३.२ | दिगो शान्तिका लागि सरोकारवालाहरु विच अन्तरक्रिया | १ | २३ | १३ | ३६ |
| ३.३ | मेलमिलाप कार्यक्रम | ३ | ६२ | १६ | ७८ |
| ३.४ | शान्ति स्थापना तथा मेलमिलाप कार्यक्रम | १० | ५१५ | ३५७ | ८७२ |

सम्पर्कको लागि ठेगाना:
**समग्र विकास सेवा केन्द्र**, हस्पिटल मार्ग, चावहिल, पो.व. नं. - १३२७८, काठमाण्डौ,
फोन नं. ४४६९६४९, इमेल: **samagra@mcmail.com.np**, वेभसाइट: **www.samagra-nepal.org**